धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक

जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९ ,अङ्क २४ ◆ २०७९ श्रावण २४ मंगलबार ◆ Tuesday, AUGUST 09,2022 ◆ ने सं ११४२ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## बहुप्राविधिक शिक्षालय सन्चालन गर्ने अनुमति

*प्रत्यूष समाचारदाता*

धादिङको नीलकण्ठ नगरपालिकाले नीलकण्ठ बहुप्राविधिक शिक्षालय सन्चालनको लागि अनुमति पाएको छ ।प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट स्विकृति प्राप्त भएसँगै कक्षा सन्चालनको लागि बाटो खुलेको हो ।

आईतबार नगर प्रमुख भीम प्रसाद ढुंगाना, उप प्रमुख दीपक विश्वकर्मा सहिको टोलीले अनुमति प्राप्त भएको चिठी बुझ्नु भएको छ । पहिलो चरणमा डिप्लोमा इन इन्जिनियरिङ (स्पेसल हाइड्रो पावर) ४० र अटोमोबाइल २४ सिटमा यसै शैक्षिक सत्रबाट कक्षा सुरु गरिने भएको छ ।

फार्मेसी चिकित्सा शिक्षा भने आयोगको केहि प्रकृया पुरा गरेपछि मात्र सन्चालन गरिने भएको छ ।भौतिक पुर्वाधार कक्षा, कोठा, प्रयोगशाला् कार्यशाला हरु, पुस्तकालय, मानव संसाधन र प्रयोगात्मक अभ्यासको सम्पुर्ण तयारीको लागि नीलकण्ठ नगरपालिकाले १ करोड ५० लाख रुपैंया बिनियोजित गरिसकेको नगर प्रमुख भीम प्रसाद ढुंगानाले बताउनुभयो ।

नीलकण्ठ बहुप्राविधिक शिक्षालय सन्चालन को अनुमति पाउनु र यसै आर्थिक बर्षबाट कक्षा सन्चालन हुनु गौरवको कुरा भएको नगर उप प्रमुख दीपक विश्वकर्माले जानकारी दिनुभयो । आफ्नो एक दशकको सपना पुरा भएको भन्दै उप प्रमुख दीपक विश्वकर्माले यस अभियानमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनु भएको छ । बाहिर गएर बढी शुल्क तिरेर पढ्नुपर्ने बाध्यता हट्ने भन्दै विश्वकर्माले यसले दक्ष जनशक्ति समेत उत्पादन हुने बताउनुभयो।

### शैक्षिक गतिविधि आदान प्रदान गरिने

# नीलकण्ठ बहुमुखी क्याम्पस र भारतको तीन क्याम्पसवीच सम्झौता

*प्रत्यूष समाचारदाता*




धादिङको नीलकण्ठ बहुमुखी क्याम्पस र भारतको तीन क्याम्पसवीच शैक्षिक गतिविधि आदान प्रदान गर्ने सम्झौता भएको छ ।

सोमबार धादिङवेशीमा आयोजित एक कार्यक्रमका बिच जिल्लाकै पहिलो सामुदायिक क्याम्पस नीलकण्ठ बहुमुखी क्याम्पस र भारतको तीन क्याम्पसवीच शैक्षिक गतिविधि आदान प्रदान गर्न दुइ पक्षीय सम्झौता गरिएको हो ।

नीलकण्ठ क्याम्पसका प्रमुख नवराज शर्माका अनुसार भारतको तेलङ्गाना राज्य स्थित हैदरावादमा संचालित स्टान्ली कजेफ अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी फर वुमन, सेन्ट जोसेफ डिग्री एण्ड पिजि कलेज र एरिस्टोटल पिजि कलेजसंग सम्झौता गरिएको छ ।टान्ली कजेफ अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी फर वुमन को तर्फबाट प्राध्यापक डाक्टर पद्मा यालाप्रगडाले दुइपक्षीय सम्झौतामा हस्ताक्षर गर्नुभएको हो । त्यस्तै सेन्ट जोसेफ डिग्री एण्ड पिजि कलेज र एरिस्टोटल पिजि कलेजको तर्फबाट हैदरावादको ओस्मानिया युनिभर्सीटीका पुर्व डीन प्राध्यापक डाक्टर सुर्यनाराण अलामरीले हस्ताक्षर गर्नुभएको छ ।

तीन वटै सम्झौतामा नीलकण्ठ बहुमुखी क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख नवराज शर्माले हस्ताक्षर गर्नुभएको छ।

सम्झौता पत्रमा हस्ताक्षर समारोहमा बोल्दै प्राध्यापक डाक्टर सुर्यनारायणले नेपालको सामुदायिक कलेजहरुको लागि यो सुनौलो अवसर भएको र यसले यहाँको शैक्षिक विकासको लागि ठुलो अर्थ राख्ने बताउनुभयो। उहाँले सम्झौता भएर मात्रै उपलब्धी नहुने भन्दै तत्काल कार्यन्वयन स्वरुप भारतका क्याम्पसहरुको स्थलगत भ्रमण गर्न नीलकण्ठ क्याम्पसलाइ निमन्त्रणा गर्नुभयो । यस्तै नीलकण्ठ बहुमुखी क्याम्पसका प्रमुख नवराज शर्माले यहाँका विद्यार्थी तथा शिक्षकहरु भारतको उक्त क्याम्पसहरुमा गएर त्यहाँको शिक्षण सिकाइ विधिको ज्ञान लिन सक्ने, त्यहाँका राम्रा अभ्यासहरु सिक्न पाउने, अनुसन्धानका कामहरुमा सहकार्यको अवसर पाउने, विद्यार्थी तथा शिक्षकहरुले अन्तराष्ट्रिय शैक्षिक सेमिनारहरुमा सहभागिता जनाउन पाउने, आफ्नो प्रस्तुती गर्न पाउने एउटा माध्ययमको रुपमा सहयोग पुऱ्याउने बताउनुभयो। कार्यक्रममा नीलकण्ठ क्याम्पस संचालक समितिका पदाधिकारीहरु, क्याम्पसका प्राध्यापकहरु तथा विद्यार्थीहरुको सहभागीता रहेको थियो ।

"तपाई लक्ष्य लिएर आउनुहोस् हामी दक्ष बनाउँछौं ।"

कर्णेश्वर मा.वि. (प्राविधिक शिक्षालय)
नीलकण्ठ न.पा.-७, धादिङमा

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

| कार्यक्रमहरू | → | सिट संख्या |
|---|---|---|
| डिप्लोमा कृषि विज्ञान (३ वर्ष) | → | ४० |
| प्रि डिप्लोमा पशु विज्ञान (१८ महिने) | → | ४० |

आवेदन फाराम भर्ने अन्तिम मिति : २०७९ साउन २६ गते

हाम्रा विशेषताहरू :
- सिटिईभिटीको परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल
- संस्थाको आफ्नै अत्याधुनिक भवन र खेल मैदान भएको
- दक्ष एवं अनुभवी प्रशिक्षकद्वारा अध्यापन गराईने
- स्वच्छ, हरियाली तथा मैत्रीपूर्ण वातावरण भएको
- आधुनिक प्रयोगशालाको व्यवस्था भएको
- लाइब्रेरीको राम्रो व्यवस्था भएको
- अध्ययन पश्चान रोजगारीको लागि पहल गरिने

कार्यक्रममा तपशिलका शर्तमा रही फारम भर्न इच्छुक सबैका लागि सूचित गरिन्छ ।

कृषि बाली विज्ञान (I.Sc. Ag.)
अक्षराङ्कन पद्धतिको हकमा
SEE मा अंग्रेजी, गणित र विज्ञान विषय मध्ये न्यूनतम दुई वटा विषयमा C र एउटामा D' ग्रेड भए पनि हुने ।
SLC पद्धतिको हकमा
न्यूनतम ४५% प्राप्त भएको हुनुपर्ने ।
१८ महिने VJTA
SEE/SLC को हकमा सबै ग्रेड तथा प्रतिशत प्राप्त गर्नेले पढ्न पाउने

अन्य जानकारीका लागि सम्पर्क
Nilkantha-7, Dhading
9851190735, 9845143052, 9843478943
9860479461
karneshwordhading@gmail.com



देउराली मा.वि. (प्राविधिक शिक्षालय)
नीलकण्ठ-८, ससाहु, धादिङ
(CTEVT बाट सम्बन्धन प्राप्त)

भर्ना खुल्यो
Diploma in Geomatics Engineering
(3 years - 6 semester)

आवश्यक कागजातहरू
1. SLC/TSLC/SEE को लब्धाङ्क पत्रको फोटोकपी
2. SLC/TSLC/SEE को चारित्रिक प्रमाण-पत्रको फोटोकपी
3. नागरिकता वा जन्मदर्ताको फोटोकपी
4. हालसालै खिचेको PP साइजको फोटो

फाराम पाइने स्थान
देउराली माध्यमिक विद्यालय
नीलकण्ठ-८, ससाहु, धादिङ

SLC उत्तीर्ण वा TSLC मा ६८.३३% प्राप्त गरी उत्तीर्ण, SEE मा विज्ञान र गणित विषयमा न्यूनतम C र अंग्रेजी विषयमा D+ ग्रेड प्राप्त गरी उत्तीर्ण।

फाराम वितरण मिति :
२०७९ श्रावण १२ गते देखि
फाराम बुझाउने अन्तिम मिति : २०७९ श्रावण २६ गते कार्यालय समयमा

विस्तृत जानकारीको लागि
प्रधानाध्यापक : ९८४१६५६८२७, संयोजक : ९८४३७९४९३६, व्यवस्थापक : ९८५११२७४५३

## सम्पादकीय ....

### बढ्दै साइबर अपराध

साइवर क्राइमका घटनाहरु बढ्दै गैरहेका समाचारहरु आइरहेका छन् । प्रहरीको साइबर ब्यूरो लगायतका साइबर अपराधसंग सम्बन्धित निकायहरु बाट पनि पछिल्लो साइवर अपराधजन्य गतिविधिको नियन्त्रण तथा कारबाहीको लागि काम भैरहेका छन् ।

यसले साइबर अपराध नियन्त्रण गर्न सहयोग गर्ने अनुमान गरिएको छ । तर पनि अनुमान गरिएको जसरी साइवर अवपराधमा संलग्न हुनेहरुको पहिचान गर्न नसक्दा वा समयमै प्रहरीकोमा पुग्न नसक्दा यस्ता गतिविधिजन्य कार्यहरुको नियन्त्रण प्रभावकारी हुन सकिरहेको छैन ।

समाजमा सामाजिक संजाल प्रयोगकर्ता हरुको निकै धेरै वृद्धि भएको छ । सामाजिक संजाल प्रयोगकर्ताको असावधानिका कारणले पनि साइबर क्राइमजन्य अपराध गर्नेहरुलाई सजिलो भैरहेको छ । साइबर क्राइमबाट बच्नको लागि स्वयम् सामाजिक संजाल प्रयोगकर्ताले पनि सामाजिक संजाल प्रयोगमा केही सावधानी अपनाउनु जरुरी छ ।

सामाजिक संजाल प्रयोगकर्ताहरुले आफुले प्रयोग गरिरहेको पासवर्ड गोप्य कोही कसैले अनुमान गर्न नसकिने खालको राख्नुपर्ने पहिलो शर्त हो तर, प्रयोगकर्ताले नै सजिलो अपरिचितले समेत पत्ता लगाउन सकिने खालको पासवर्डको प्रयोग गर्ने गर्नाले पनि अपाराध गर्नेलाई केही सजिलो हुन सक्छ ।

त्यसैगरी इमेल र फेसवुक जस्ता सोसियल नेटवर्कको प्रयोग गरिसकेपछि लगअफ नगर्नेको संख्या उच्च छ, त्यस्ता ठाउँहरुमा अवसर पाउँदा पनि साइबर अपराध गर्नेहरुलाई सजिलो हुनेछ, अर्को कुरा त हामीले प्रयोग गर्ने सामाजिक संजाल प्रयोग गरिसकेपनि पासवर्ड रिमेम्बर गरेर राख्ने चलन कयौंमा छ यसका कारण पनि कतिपय सामाजिक संजाल प्रयोगकर्ताहरु साइबर अपराधबाट पीडित भैरहेका छन् ।

सोसियल नेटवर्किङ साइटहरुमा प्रयोग कर्ताले नै नचिनेका साथीलाई याड गर्ने, कुराकानी गर्ने जस्तो नियमित दोहोरो सम्बादपछि पनि उनीहरुले प्रयोगकर्ताको कतिपय गोप्य कुरा पत्ता लगाउने हुन्छ पछि उसलाई समस्यामा पार्ने जस्ता गतिविधिहरु समेत हुने गरेको पाइन्छ यस खालका समस्याबाट पछिल्लो समय खासगरी युवा युवतीहरु पीडित भैरहेका छन् ।


समाजमा मुख देखाउनै गाह्रो हुने गरी अपराधिले कपट गर्ने, नराम्रा शब्दावलीहरुको प्रयोग गर्ने, नराम्रा फोटा तथा भिडियोहरुको प्रयोग गर्ने गर्दा कतिपयलाई निकै धेरै समस्यामा पारेको पाउन सकिन्छ । यसको अर्को मुख्य कारण भनेको आफु समस्यामा पर्दा छिटो भन्दा छिटो प्रहरीकोमा नपुग्नुका कारण पनि हो ।

हामी सामाजिक संजाल प्रयोगकर्ताहरुको इमेल, फेसवुक आइडि वा अन्य किसिमका सामाजिक नेर्टवर्किङ साइट ह्याक भएको आफूले जानकारी पाउने वित्तिकै प्रहरीको साइबर व्यूरोमा जाने हो भने उसलाई चाँडो भन्दा चाँडो नियन्त्रण गर्न प्रहरीलाई समेत सफलता मिल्नेछ जसका कारण समाजमा आगामी दिनहरुमा घट्ने सामान्य वा जटिल खालका सबै अपराधका घटनाहरु निरुत्साहित हुँदै जानेछन् यसर्थ जो जसले आफू पीडित भएको महसुस् गर्ने वित्तिकै प्रहरीकोमा जान र आफ्नो केस अगाडि बढाउन डरानु हुँदैन भन्ने कुरा बुझ्नु जरुरी छ ।

पछिल्लो समय प्रहरी कार्यालयहरुबाट पनि साइवर अपराध सम्वन्धि सचेतनामुलक कार्यक्रम संचालन गर्ने कामहरु संचालन भैरहेको छ यसले पनि यसबारे केही प्रचार प्रसार भैरहेको छ, यस्ता कार्यक्रमहरुका कारण साइबर अपराध गर्नेहरु एक त निरुत्साहित हुँदै जानेछन् भने पीडितहरु पनि छिटो भन्दा छिटो प्रहरीकोमा पुग्ने हुँदा दोषि पत्ता लगाई कानूनी दायरामा ल्याउन सहजता मिल्नेछ ।

प्रहरी मात्रैले नभएर समाजमा सकारात्मक परिवर्तनको सोंच राख्ने आम युवाहरुले यो अभियानलाई साथ दिने हो भने यस्ता खालका अपराधको निरुपण गर्न सजिलो हुनेछ । साइवर अपराध नियन्त्रणको लागि सबैले हालोमालो गरौं, यसले हाम्रा आगामी दिन उज्जवल हुँदै जानेछ ।

# संघर्ष र सेवाकी पर्याय डाक्टर विष्णुमाया परियारले रचेको इतिहास



सञ्जीव कार्की

डाक्टर विष्णुमाया परियारको जस्तो अवसर र सफलता सहजै कसैलाई प्राप्त हुन सक्दैन । आम नेपालीका लागि यो एउटा गर्वको विषय हो । झन् दक्षिण एसियाली मुलुकका दलित र नेपाली दलित समुदायमा महिलाका लागि डाक्टर विष्णुमाया परियार अमेरिकी स्कुलको पाठ्यक्रममा समेटिनु अपूर्व हर्ष, खुसी र गर्वको कुरा हो । विष्णुमायाको विश्वस्तरीय सफलतालाई आम नेपालीले खुसी मनाउनुपर्छ । गर्वले चौडा छाती पारेर भन्नुपर्छ 'अवसर पाए नेपाली चेली पनि विश्वमा कोहीभन्दा कम छैनन्' ।

विष्णुमाया अमेरिकाका चर्चित नागरिक अधिकारकर्मी रोजा पार्क समेत समावेश भएको पाठ्यपुस्तकमा समेटिएकी छन् । असमानता र विभेदबारे रोजालाई उद्धृत गरेर बुझाएपछि उदाहरणका रुपमा डाक्टर विष्णुमाया परियारलाई देखाइन्छ । नेपालमा जातीय विभेद र असमानताबाट उत्पन्न समस्या सम्बोधन गर्न परियारले स्थापना गर्नु भएको एड्वानमार्फत भएका कामबारे छलफल गराइन्छ । २० मिनेट विष्णुमायाका बारे पढाइनेछ ।

अछूत र सतत लक्ष्य र जातीय प्रणालीलाई संयुक्तराष्ट्र सङ्घको दिगो विकाससँग जोडेर बुझाइन्छ। विश्वको इतिहास भूगोल विषयको १२ नम्बर च्याप्टरमा वृत्तचित्र 'अनटचेवल' शीर्षकमा समावेश गरिएको विभिन्न भिडियो स्लाइड सोका माध्यमबाट पढाइ हुन्छ। उक्त पाठमा विभेदबारे जानकारी गराउने ८ स्लाइड राखिएको छ । यो पाठ मासाचुसेट्सका सबै सरकारी विद्यालयमा लागू गरिएको छ भने आगामी वर्षदेखि अन्यत्र पनि लागू गरिने नीति छ । यसभन्दा पहिले पनि विश्वको ध्यान खिच्ने नेपाली अछूत भनिएका महिलाका कहानी ११ सयभन्दा बढी स्कुल, कलेज र विश्वविद्यालयमा पढाइ हुनुभन्दा ठूलो उपलब्धि अरू के हुनसक्छ ?

अमेरिकी प्रकाशक संस्था म्याकग्रो हिल ( सन् १८८८ स्थापना) जसको पुस्तक सशुल्क किन्ने ४३ लाखभन्दा बढी विद्यालय, विश्वविद्यालय विद्यार्थी र प्रोफेसर भएको आँकडा २०२० को सर्वेक्षणमा समेटिएको थियो । 'दी राइटर्स माइन्डसेट' पुस्तकमा ५२ जनाको जीवनी उल्लेख भएकोमा विष्णुमायाको कहानी पुस्तकको ६९२ पृष्ठमध्ये ५९१-५९४ बीचको चार पृष्ठमा छ, जुन आफैंमा गहन र असामान्य प्राप्ति हो । अमेरिकाको टेक्सास म्यक्लेनन कम्युनिटी कलेजमा १९८९ देखि प्राध्यापनरत 'दी राइटर्स माइन्डसेट' पुस्तककी लेखक डाक्टर लिसा हफ्नर हुन् ।

राष्ट्र नै गर्व बोधले जुरुक्क उठेर खुसियालीमा सरिक हुनुपर्ने हो । दलित समुदायका विभिन्न अवसर प्राप्त, नाम प्राप्त, राजनीतिमा पनि रहेका मन्त्री, संसद्, राजदूत र विभिन्न लाभको पद धारण गरिसकेका अनि विश्वका ख्याति प्राप्त विश्व विद्यालयबाट शिक्षित र दीक्षित गैरदलित र दलित समुदायको मान्छेले बनाउन नसकेको व्यक्तित्व बनेको छ विष्णुमायाको जीवनी । दलित र सीमान्तकृत महिलाको सशक्तीकरणका लागि काम गर्ने विष्णुमायाको एड्वानले सामूहिक अन्तरघुलनमार्फत दलित र गैरदलित महिला र समुदायको भेद मेट्ने काम गरेको छ । न्युजर्सी सिटीमा मेयरको सल्लहाकार समितिमा रहेर काम गरिसक्नुभएकी विष्णु सिटी सहरकी महिला आयोग सदस्यसमेत हुनुहुन्छ ।

न्युजर्सी राज्यको एसियन अमेरिकन र प्यासिफिक आइल्यान्डरकी कमिस्नर भएर काम गरिरहनुभएको छ । नेपाली छोरी विष्णुको खुसीमा नेपालका लागि तत्कालीन अमेरिकी राजदूत च्यान्डी बेरीले उहाँसँगको फोटो सेयर गर्दै लेखेका थिए । 'मैले २०१९ मा नेपाली सामाजिक कार्यकर्ता डाक्टर विष्णुमाया परियारलाई व्यक्तिगत रूपमा भेट्ने अवसर पाएको थिएँ । समावेशीकरण र समानताका लागि उनको कामबाट प्रेरित भएको थिएँ । उनी द राइटर्स माइन्डसेटमा चित्रित भएकी छिन्, जहाँ उनले अझ धेरैलाई प्रेरित गर्न सक्छिन्,' विष्णुको बारेमा महामहिम राजदूतले सफलतालाई कसरी सेलिब्रेट गर्ने भन्ने संस्कार नेपालीलाई सायद सिकाउन खोजेका थिए ।

**को हुन् विष्णु माया ? कस्तो थियो बाल्यकाल ?**

गोरखाको ताक्लुङमा आमा कनमाया र बाबु रूपबहादुर परियारका ११औं सन्तानमध्ये छैटौं सन्तानका रूपमा जन्मिएकी विष्णु उमेरले ५० नजिक छन् । विष्णुमायाको बाल्यकाल सुखद् थिएन तर आफ्ना सन्तान पढाउनुपर्छ भन्ने बाबुको चेत र सामाजिक अव्यवस्था विरुद्ध लड्नै पर्छ भन्ने भावनाको कारण पढ्न पर्छ, पढेपछि मात्रै केही हुन्छ भन्ने अन्तरप्रेरणाले विष्णु पढाइमा तल्लीन रहिन् ।

नाङ्गै खुट्टा हिँडेर, दिनको चार घण्टा धाएर मनकामना स्कुलमा माध्यमिक तहसम्मको अध्ययनका लागि विष्णु आइन् । तर अमर ज्योति लुइँटेल स्कुलमा नाम निस्के पनि आर्थिक अभावले त्यहाँ पढ्न जान भने सकिनन् । तर 'तँ आँट म पुऱ्याउँछु' भनेझैं विष्णुले आफ्ना लागि सहयोग गर्ने पिसकोर भोलेन्टियर जोन बुकरमान त्यहाँ भेट्टाइन ।

पढाइको भोक तीव्र भएकी विष्णु स्कुलमा साथीभाइ खेल्न जाँदा पनि पढिरहेकी हुन्थिन् । गोठालो जाँदा र दाउरा घाँस मेलापात जता जाँदा पनि विष्णुको साथमा किताब छुट्दैनथ्यो । जीवनमा सहयोग र अदृश्य हातले गरिदिने यूटर्न बारे बुझ्न पनि विष्णुको जीवनी बुझ्नु आवश्यक देखिन्छ । सहयोग कति महत्त्वपूर्ण र जीवनको गोरेटो नै बदल्ने हुन्छ भन्ने विष्णुलाई थाहा छ । तसर्थ उनी सामाजिक सेवामार्फत सहयोगको हात थाप्छिन् अनि सहयोग गर्छिन् पनि । विभिन्न डोनर एजेन्सीलाई आफ्नो कार्यक्रम र सहयोगबारे सहमत गराएर सहयोग सङ्कलन गरी विष्णुले नेपालमा र अमेरिकामा बसेर सामाजिक सेवा महिला अधिकार, महिला हिंसा, लैङ्गिक हिंसा र विभेदका अनेक रूपका विरुद्ध आफूलाई क्रियाशील राखेकी छन् ।

एसएलसी उत्तीर्णपछि पिसकोर भोलेन्टियर जोन बुकरमानले उनलाई उच्च शिक्षाका लागि काठमाडौं पढ्न छात्रवृत्ति मिलाइदिए । उनी काठमाडौं आइन् तर उनलाई सहयोग गर्ने दाताले अरूमार्फत् दिएको रकम आफ्नो हात पार्न सकिनन् उनको पैसा कसैले पचाइदियो त्यतिबेला विष्णु हुनसम्मको आपत्मा परिन् । उनलाई काठमाडौंमा पढ्न र बाँच्न मुस्किल भयो तर केही गर्ने दृढ अठोटले काम गर्दै पढ्ने निधो गरिन् ।उनलाई रेस्टुरेन्टमा भाँडा माझ्ने काम मिल्यो, केही समय भाँडा माझिन् ।

एउटा गार्मेन्टमा भात पकाउने काम पाइन् त्यो पनि गरिन् र आफ्ना लागि खर्च जोहो गर्दै पढिन्। विष्णु मायाले राजधानीको पद्म कन्या कलेजबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरिन् ।

एक दिन आफूलाई सहयोग गर्ने बुकरमानलाई अमेरिकामा फोन गरिन् र आफ्नो कुरा राखिन् । त्यसपछि अर्का अमेरिकी प्याम रसमार्फत सहयोग प्राप्त गरिन् । विष्णु भन्छिन, 'उहाँलाई भेट्नु मेरो जीवनको टर्निङ प्वाइन्ट हो । उहाँ काठमाडौंमै हुनुहुन्थ्यो, जो युनिभर्सिटी अफ कलेज प्रोजेक्टको डाइरेक्टर हुनुहुन्थ्यो । उहाँले छात्रवृत्ति पनि दिनुभयो र रिसोर्स असिस्टेन्टको काम पनि दिनुभयो ।' अमेरिकीहरू विष्णुका लागि साथी, सहयोगी, समन्वयकारी र गड फादरका रूपमा प्रकट भए । युनिभर्सिटी अफ कलेज प्रोजेक्टमा काम गर्दा विष्णुमायाका एक जना अमेरिकनसँग मित्रता भयो । उनी सोही कलेजमा अध्ययनरत थिए । उनै साथीकी आमा इभा कासेल विष्णुमायाका लागि विशेष बनेर आइन् । छोरालाई भेट्न आएका बेला विष्णुमायालाई निकै मन पराएकी इभाले उनलाई अध्ययनका लागि अमेरिका लाने वातावरण निर्माण गरिन् । अमेरिका प्रस्थान विष्णुको भाग्यको अर्को महत्त्वपूर्ण ढोका उघ्रिएको थियो । १९९९ मा अमेरिका आएकी डा. विष्णुमायाले एक सेमेस्टर अङ्गेजी मात्र पढिन् । त्यसपछि उनलाई पाइन म्यानर कलेजले पूर्ण छात्रवृत्ति दियो ।

कलेजमा आएर पनि उनले टप गरिन् । उनी कलेजमा एक्सिलेन्ट पोलिटिकल साइन्स अवार्ड पाउन सफल बनिन् । त्यति मात्र होइन, कलेजले दिने प्रेसिडेन्ट कप अवार्डलगायत चारवटा उत्कृष्ट अवार्ड जित्ने सौभाग्य जुऱ्यो । उनले म्यानर कलेजबाट २००४ सोसल एन्ड पोलिटिकल सिस्टममा ब्याचलर्स डिग्री गरिन् । अध्ययनपछि विष्णुले एक वर्ष डोमेस्टिक भायलेन्स एड्भोकेटको रूपमा काम गरिन् । जहाँ उनलाई महिला हिंसासम्बन्धी धेरै अनुभव बटुल्ने र घरेलु हिंसाको बारेमा धेरै कुरा सिक्ने मौका मिल्यो ।

अमेरिकाको क्लार्क विश्व विद्यालयबाट सामाजिक परिवर्तन र अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर गरिन् र म्यानर कलेजले सन् २०१३ मा अनररी डक्टरेड (वियोन्ड द पीएचडी) ले सम्मान गर्यो ।

**विष्णुले प्राप्त गरेका सम्मान र पुरस्कार**

डा. विष्णुमायालाई सन् २००६ मा संयुक्त राष्ट्र सङ्घले ५ हजार डलरसहित ह्युमन राइट्स अवार्ड दिएको थियो । त्यो अवार्ड विश्वका ६ जनाले मात्र पाएका थिए । त्यस्तै उनलाई २००७ मा विश्व बैङ्कले ११ हजार डलरसहित अवार्ड दिएको थियो, त्यो विश्वका ११ जनाले मात्र पाएका थिए । सन् २००६ मा हाडवर्ड विश्वविद्यालयले ब्रिज विल्डर अवार्डबाट उनलाई सम्मान गरेको थियो । यो पनि विश्वका ६ जनाले मात्रै पाएका थिए । अमेरिकाको क्लार्क विश्व विद्यालयबाट सामाजिक परिवर्तन र अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर विष्णुमायालाई पाइन् म्यानर कलेजले सन् २०१३ मा **बाँकी पृष्ठ ४ मा**

**असन्तुलित खानपान तथा जीवनशैलीका कारण**

- मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात, विभिन्न प्रकारका क्यान्सर, ढाड दुख्ने, अलजाइमर्स, श्वासप्रश्वास, मानसिक/उदासिनता जस्ता रोग हुन सक्दछन।

**यस्ता रोगबाट बच्न;**

- सन्तुलित र स्वस्थ खाना खाने,
- शारीरिक क्रियाकलापमा सक्रिय रहने,
- मदिरा, सूर्ति तथा सूर्तिजन्य वस्तुको उपभोग नगर्ने,
- काम गर्दा सही तरिका र आसनको प्रयोग गर्ने,
- प्रशस्तमात्रामा पानी पिउने,
- तनावको उचित व्यवस्थापन गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सत्ता गठबन्धनलाई सिट बाँडफाँट मिलाउन कति सहज ?

सरकारले आगामी मंसिर ४ गतेका लागि प्रतिनिधि र प्रदेश सभा निर्वाचनको मिति घोषणा गरेसँगै देशमा चुनावी माहोल सुरु भएको छ। निर्वाचन आयोगले मतदाता नामावली संकल बन्द गरेको छ भने दल दर्ताको लागि आवेदन खुलाएको छ ।

२०७७ पुस ५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेसँगै एकै स्थानमा रहेका नेपाली कांग्रेससहित तत्कालीन नेकपाका दुई शीर्ष नेता पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल सहित जसपा अध्यक्ष उपेन्द्र यादवसहितका नेताहरु त्यसयता सँगसँगै छन् ।

नेकपाबाट एमाले र माओवादी केन्द्र अलग भएका छन् भने एमालेबाट माधव नेपाल पक्षले नयाँ दल दर्ता गरेको छ । पाँच दलको सत्ता गठबन्धनले यसअघि स्थानीय तहको चुनावमा भाग लिइसकेका छन् । जसको धेरै लाभ कांग्रेसले उठाउन सक्यो । स्थानीय तहको चुनावमा गठबन्धनले महानगरसहित उपमहानगरमा पूर्ण रुपमा गठबन्धन गरेको थियो । भने कतिपय पालिकाहरुमा स्थानीय स्तरमा गठबन्धन भएका थिए ।

सत्ता गठबन्धनमा रहेका दलहरुले एमालेलाई साइजमा ल्याउनका लागि स्थानीय तहकै निर्वाचनमा प्रयत्न नगरेका होइनन् तर सबै स्थानीय तहमा त्यसको सम्भावना भएन तर गठबन्धन दलहरुले सफलता हात पारे। २०७४ को स्थानीय तहमा बहुमत स्थानमा जित हात पारेको नेकपा एमाले यसपटकको स्थानीय निर्वाचनमा खुम्चिएको छ। तर गठबन्धन गर्दा पनि उ अत्यन्तै कमजोर भने देखिएन । तालमेल हुँदा पनि एमालेले २ सय ६ स्थानीय तहमा प्रमुख जितेको थियो। स्थानीय तह चुनाव कांग्रेस ३ सय २९, एमाले २ सय ६, माओवादी केन्द्रले १ सय २१, जसपा ३०, एकीकृत समाजवादीले २०, लोकतान्त्रिक समाजवादीले १६ स्थानीत तह प्रमुख जितेको छ ।

**संघीय चुनावमा गठबन्धन, छैन सजिलो**

मंसिर ४ गतेका लागि तय भएको संघीय निर्वाचनका लागि सत्ता गठबन्धनका दलहरुले तालमेल गरेर अघि बढ्ने निर्णय गरेका छन् । तर त्यसको मोडालिटीका बारेमा छलफल गर्नका लागि सबै दलबाट गरि ११ सदस्य रहेन गरि कार्यदल गठन गरेका छन् । उक्त कार्यदलको बैठक आज बस्दै छ। सत्ता गठबन्धनमा रहेका दलहरुलाई सबै निर्वाचन क्षत्रमा गठबन्धन गरेर जान सजिलो भने नरहेको स्वयं नेताहरुले बताइरहेका छन् ।नेताहरुले सिट बाँडफाँटका लागि ढाँचा बनाउनै सकस पर्ने बताएका छन् । यसअघि प्रत्यक्षमा आफूले जितेका क्षेत्र सुर्राक्षत राखेर एमालेले जितेका स्थानमा भागबन्डा गर्नुपर्ने विषय उठिरहेको छ ।

यसअघि स्थानीय तह निर्वाचनमा पनि एमाले जितेको स्थानमा भागवण्डा गर्ने एक खालको सहमति भएको थियो तर त्यसमा एकीकृत समाजवादीले विरोध जनाएको थियो। त्यसैले यसपटक पनि एमालेले जितको स्थानमा भागवण्डा गर्ने ढाँचा काम नलाग्ने नेताहरुले बताइरहेका छन् ।

स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले दम्भ देखाएको आरोप एकीकृत समाजवादी र नेकपा माओवादीसहितका सत्ता साझेदारहरुले गरिरहँदा नेपाली कांग्रसलाई त्यस्ता आरोपहरुलाई चिर्दै आगामी निर्वाचनबाट फाइदा लिन सक्नु पर्ने चुनौती रहेको छ। साउन मसान्तसम्म सिट बाँडफाँटको खाका तयार गर्ने म्यान्डेटसहित कार्यदलले जिम्मेवारी पाएको छ र उक्त कार्यदलले आज यसबारे छलफल गर्दै छ । तर खाका तयार गर्न सहज नभएको नेताहरुको भनाइ छ।

नेपाली कांग्रेस आफूले १ सय हाराहारी सीट राखेर गठबन्धन गर्ने पक्षमा रहेको कांग्रेसका एक नेताले बताए । तर अन्य दलहरुले पनि आफूहरुलाई कांग्रेसले हेप्न खोजे सत्ता गठबन्धनभित्रै उपगठबन्धन बनाउने बताइरहेका छन् । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले चुनवको अन्तिम समयमा यति लिने भए लेउ नत्र हुँदैन भन्ने अवस्था आउन सक्ने भन्दै आफ्नो शक्ति निर्माण गरेर अघि बढ्नु पर्ने बताइरहेका छन् ।

केही दिन अघि उनले भनेका थिए,' अन्तिम बेलामा यति लिने भए लेऊ, नत्र जाऊ भन्ने अवस्था आयो भने रोएर बस्ने ? त्यसकारण आफ्नो शक्ति तयार गरेर अगाडि बढ्ने हो।'एमाले भन्दा ठूलो दल बन्नका लागि नेपाली कांग्रेसलाई पनि दबाब रहेको नेताहरु बताउँछन्। स्थानीय तह निर्वाचनमा गठबन्धन गर्दा पनि एमालेले राम्रै मत पाएको भन्दै कांग्रेसले माओवादी र एकीकृत समाजवादीका साथ जसपालाई मिलाएर लैजान सकेको खण्डमा आफू ठूलो दल बन्ने र एमालेलाई साइजमा राख्दै आगामी सरकारको नेतृत्व गर्न सक्ने छ। त्यसका लागि उसले सहयात्री दललाई चिढ्याएर भन्दा साथै लिएर अघि बढ्ने कांग्रेसका एक नेताले बताए । तर सिट बाँडफाँट टुंगो लगाउन सहज भने नभएको उनको भनाइ छ ।

# कांग्रेस बैठकमा २२ दिने चुनावी अभियानदेखि प्रशिक्षणसम्म

नेपाली कांग्रेसको शीर्ष नेताहरूको बैठक सम्पन्न भएको छ। सोमबार बिहान १० बजेदेखि सुरु भएको बैठक चार घन्टासम्म चलेको थियो ।सिट बाँडफाँडबारे छलफल गर्न बसेको बैठकले आगामी प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि २२ दिने चुनावी अभियान थाल्ने निर्णय गरेको छ ।

महामन्त्री गगन थापाका अनुसार कांग्रेसले २ गतेदेखि २४ भदौसम्म केन्द्रीय सदस्यलाई ७७ वटै जिल्लामा खटाउने निर्णय गरेको छ । स्थानीय तहको निर्वाचनपछि ७७ वटै जिल्लामा कांग्रेसको पोजिसन र संगठनबारे केन्द्रीय सदस्यहरूले पार्टी नेतृत्वलाई रिपोर्ट पेस गर्नेछन् ।कांग्रेसले ३० र ३१ साउनमा प्रशिक्षण कार्यक्रम राखेको छ। जसका लागि पार्टीबाट निर्वाचित स्थानीय तहका प्रमुख उपप्रमुखलाई काठमाडौं बोलाइने भएको छ ।

पदाधिकारी, पूर्वपदाधिकारी, वरिष्ठ नेताहरू सम्मिलित सोमबारको बैठकमा सिट बाँडफाँडबारे पनि छलफल भएको थियो। नेताहरूले कम्तीमा सुविधाजनक बहुमत आउने गरी सिट बाँडफाँड गर्नुपर्ने धारणा राखेका थिए ।

धादिङ सञ्चार डटकम अनलाइनमार्फत विज्ञापन प्रकाशन गर्न इच्छुक महानुभावहरु ले ९८५१२२०८६० वा ०१०-५२१४३० मा सम्पर्क गर्नुहोला ।



हर पल हर क्षणको खबर

www.dhadingsanchar.com

# सिसडोलकै फोहोरले रोक्दैछ बञ्चरेडाँडाको बाटो

असार महिना लागे यता सिसडोलको फोहोरको पहाडबाट लेदोसहित पहिरो खस्दा फोहोर बोक्ने सवारीसाधन जाने सडक अवरुद्ध भइरहेको छ। नुवाकोट र धादिङको सीमामा पर्ने बञ्चरेडाँडामा निर्माण भएको अत्याधुनिक फोहोरमैला व्यवस्थापन केन्द्र ( ल्याण्ड फिल्ड साइट) सम्म फोहोर लैजानका लागि यसअघि फोहोर विसर्जन गरिँदै आइएको साइट सिसडोलको बाटो भएरै जानुपर्छ। गत जेठ महिनाबाट उपत्यकाको फोहोर सिसडोलबाट दुई किलोमिटर टाढा पर्ने बञ्चरेडाँडामा विसर्जन हुँदै आएको छ ।

बञ्चरेडाँडामा केन्द्रमा फोहोर विसर्जन गर्न थाल्दा काठमाडौं उपत्यकावासीमा फोहोरको समस्या स्थायी समाधान हुने आशा पलाएको थियो । अघिल्ला वर्षमा सिसडोल भरिएर नियमित रुपमा फोहोर नउठेकाले नयाँ केन्द्रमा नियमित उठ्ने धेरैले अपेक्षा गरेका थिए । तर सिसडोलको फोहोरमैलाको पहाडले नै नयाँ केन्द्रसम्म फोहोर लैजान अवरोध सिर्जना गरिरहेको छ। सडकको खराब अवस्था र पटक पटक विभिन्न माग राख्दै हुने स्थानीयवासीको आन्दोलनका कारण काठमाडौंको फोहोर नियमित नउठेको पाइन्छ।

अहिले पनि गाडीले धुलो उडायो र फोहोरबाट दुर्गन्ध आयो भनी स्थानीयवासीले दैनिक चाररपाँच घण्टा अवरोध गरिरहेको काठमाडौं महानगरपालिका, वातावरण विभागकी प्रमुख सरिता राईले बताउनुभयो । उपत्यकाबाट फोहोर तारकेश्वर नगरपालिका, ककनी नगरपालिका र धुनीबेसी नगरपालिका हुँदै बञ्चरेडाँडा जानुपर्छ । खासगरी त्रिशूली-बालाजु सडकको निर्माण आठ वर्ष पहिले सुरु भएर पनि अझै अलपत्र भएकाले यसको निर्माण चाँडो सक्न भन्दै पटक-पटक आन्दोलन भइरहेको छ । दुई प्याकेजमा निर्माण अघि बढाइएकामा दुबै खण्डमा ठेक्का तोडिइसकिएको सडक विभागले जनाएको छ ।

एउटा ठेक्कामा अदालतबाट अन्तिम निर्णय आइसकेकाले नयाँ ठेक्कामा जान सकिने भए पनि अर्को ठेक्काको मुद्दामा अदालतले अन्तरिम आदेश दिएको थियो । सडक चाँडो बनाउन माग गर्दै पटक-पटक आन्दोलन हुँदा फोहोरको गाडी रोकिने गरेको छ । तिनपिप्लेबाट सिसडोल हुँदै बञ्चरेडाँडासम्मको सडकको मर्मतको काम शहरी विकास तथा भवन निर्माण विभागलाई जिम्मेवारी दिइएको थियो। विभागले केही समय पहिले मात्रै ठेक्का लगाएर अहिले काम भइरहेको छ । विभागले जिम्मेवारीमा तीनपिप्लेबाट सिसडोसम्म छ किमी र सिसडोलबाट तीन किमी सडक छ। सिसडोलको फोहोरभन्दा उता सडक राम्रो अवस्थामा रहेको प्रमुख राईले बताउनुभयो ।

सिसडोडमा दुई सय मिटर सडकमा समस्या रहेको छ । अहिले फोहोरमाथि ग्याबिन वाल बनाएर सवारीसाधन जान सकिने गरी सडक बनाउन लागिएको हो । वर्षाको समयमा सडक हिलोले भासिने समस्या रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, सडक साँघुरो छ । फोहोरको डङ्गुर माथि लैजानुपर्छ । नयाँ केन्द्रमा फोहर लैजानका लागि पनि सोही सडक समस्याका रुपमा रहेको छ । हाल प्रयोग भइरहेको सडक बनाइने र वैकल्पिक बाटोको बारेमा पनि कुराकानी भइरहेको प्रमुख राईले बताउनुभयो । पहिले निर्माण गर्दा यो सडक पनि बस्तीभन्दा बाहिर बनाइएको भए पनि बाटो बनेपछि बस्ती आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, फोहर लैजानकै लागि छुट्टै बनाइएको सडक भए पनि सडक छेउछाउ व्यापार व्यवसाय गर्न पनि बस्ती बढ्नु स्वभाविक हो ।

कहिले स्थानीयवासीको अवरोधका कारण त कहिले सडक मर्मत भइरहँदा फोहोर नियमित जान सकिरहेको छैन । दैनिक चार-पाँच घण्टा रोकिँदा पनि काठमाडौंमा फोहोर प्रभावित हुने र समस्या बढ्ने उहाँले बताउनुभयो । उपत्यकाबाट शनिबार २४३ ट्रक, शुक्रबार १७० ट्रक र बिहीवार २४० ट्रक फोहर बञ्चरेडाँडा लगिएको थियो ।

उहाँले भन्नुभयो, बञ्चरेडाँडासम्म पुग्न धेरै अवरोध पार गर्दै जानुपर्छ । स्थानीयवासीको समस्या सम्बोधनका लागि महा नगरपालिकाले दैनिक रुपमा ट्याङ्करबाट सडकमा पानी हाल्दै आएको छ । पानी परेको दिनमा पानी हालिरहेको उहाँले बताउनुभयो । सिसडोलमा फोहोर विसर्जन गर्दादेखि नै वर्षाको समयमा उपत्यकामा फोहोरको समस्या बढ्ने गरेको हो । पहिलो सिसडोलमा लैजाँदा र अहिले बञ्चरेडाँडामा लैजाँदा सडकको समस्या करिबकरिब उस्तै रहेको प्रमुख राईले बताउनुभयो । गत वर्षहरुमा सिसडोलमा केन्द्र भरिएपछि त्यही फोहोरबाट गाडी चढेर जानुपर्दा वर्षामा समस्या हुने गरेको थियो । त्यतिबेला क्षमताभन्दा बढी फोहर हुँदा फोहोरको पहाड चढेर ट्रकमाथि जानुपर्ने अवस्था थियो । अहिले त्यही फोहोरको बीचबाट खुलेको सडकबाटै लानुपर्दा समस्या उस्तै भएको हो ।

विभागले तीनपिप्ले-सिसडोल सडकमा मर्मत गरेर तत्कालका लागि सवारीसाधन चालु गर्नुपर्ने भएकाले मर्मतको काम भइरहेको शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक रामचन्द्र दङ्गालले बताउनुभयो । खाल्डाखुल्डी रहको ठाउँमा टाल्ने र ग्याबिन जाली हाल्ने र कतिपय स्थानमा ढलान गरिरहेको उहाँले बताउनुभयो। मर्मत गर्दा कहिलेकाहीं सवारीसाधन आवागमन नै रोक्नुपर्ने हुनसक्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, सडक ढलान गर्दा एक-दुई दिन नै गाडी चलाउन नमिल्ने हुन्छ ।विभागले नै बञ्चरेडाँडामा अत्याधुनिक फोहोरमैला प्रशोधन केन्द्र निर्माण गरेको हो । एउटा खण्डमा सम्पन्न भएपछि गत जेठबाठ नै फोहोर बिर्सजन थालिएको थियो । अर्को खण्डमा पनि काम अन्तिम चरणमा पुगेको महानिर्देशक दङ्गालले बताउनुभयो । उहाँका अनुसार अहिले वर्षाका कारणले थोरै काम मात्रै गर्न बाँकी छ। उहाँले भन्नुभयो, घाम लागेपछि केही दिन काम गरेपछि नै सम्पन्न हुन्छ र हामीले हस्तान्तरण गर्न सक्नेछौं । उपत्यकामा जतातयै थुप्रिएको फोहोर तत्काल व्यवस्थापनका लागि बञ्चरेडाँडा जाने सडक बनाउनुपर्ने भएपनि दीर्घकालीन समाधानका लागि स्रोतबाट नै व्यवस्थापन गर्नुपर्ने वातावरण विज्ञ प्रकाश अमात्यले बताउनुभयो । फोहोरको गाडी बस्तीबाटै जाँदा बस्तीमा नै समस्या हुने भएकाले त्यसका लागि शहरबाट नै छुट्टै सडक बनाउनुपर्नेमा उहाँको जोड छ। बाटो बनाएर ट्रकमा काठमाडौंको फोहोर लैजाँदैमा फोहर व्यवस्थापनको दीर्घकालीन समाधान नहुने अमात्यको भनाइ छ । अहिले हामीले जसरी फोहोर फालिरहेका छौं त्यसरी नै गर्दा बञ्चरेडाँडा केही वर्षमा भरिने र जति ल्याण्डफिल्ड साइट नयाँ बनाउँदै जाँदा पनि भरिरहने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, दीर्घकालीन रुपमा यसलाई स्रोतमा नै सम्बोधन गर्नुपर्छ। अहिले महानगरपालिकाले केही वडा बाहेक अधिकांश वडामा आफ्ना सवारीसाधन पठाएर फोहोर सङ्कलन गरिरहेको छैन । केही निजी संस्थाहरुले उपभोक्तासँग रकम लिएर त्यस बापत फोहोर सङ्कलन गरिरहेका छन् । ती संस्थामध्ये धेरै कानुनी रुपमा दर्ता नभएका र महानगरपालिकाले निजीले फोहर सङ्कलन गर्ने वडामा आफ्नो जिम्मेवारी न भएको बताउँदै आएको पाइन्छ ।

निजी सङ्कलन गर्नेले आफैं फोहर फाल्ने ट्रक, जनशक्ति र आवश्यक उपकरण व्यवस्थापन गरेर काम गरिरहेका छन् । महानगर वा नगरपालिकाले आफूसँग पर्याप्त उपकरण, सवारीसाधन र जनशक्ति नभएकै कारण 'म आफैं गर्छु' भनेर पनि आँट गर्न नसकेको उहाँले बताउनुभयो । फोहोर व्यवस्थापनमा स्थानीय सरकारको हिसाबले जिम्मेवारी स्थानीय तहको भएको र नागरिकले कर तिरिरहेकाले पनि जिम्मेवारी उनीहरुले लिनुपर्ने अमात्यले बताउनुभयो । उहाँले भन्नुभयो, अहिले फोहर सङ्कलन गर्ने निजी क्षेत्र कानुनले चिन्दैन । फोहर उठाउन बाध्याकारी छैन ।

**पूरा हुँदै 'बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट'**

तीन वर्षमै निर्माण सम्पन्न गर्ने भनिएको बञ्चरेडाँडा ल्यान्डफिल साइट झण्डै १७ वर्षपछि मात्रै सम्पन्न हुन लागेको छ। सरकारले उपत्यकाको फोहोर व्यवस्थापन गर्न सरकारले विसं. २०६२ जेठमा तीन वर्षभित्र बन्चरेडाँडामा साइट बनाउने निणर्य गरेको थियो । बञ्चरेडाँडामा सामान्य अवस्थामा फोहोर बिसर्जन गर्दा २५ वर्ष र वर्गीकरण गरेर विसर्जन गर्दा कम्तीमा ५० वर्षसम्म उपत्यकाको फोहोर व्यवस्थापन गर्न सकिने विभागले बताउँदै आएको छ । सरकारले झण्डै तीन दशक पहिले नै फोहोर व्यवस्थापनका लागि उपयुक्तस्थल भन्दै पहिचान गरेको थियो । केही समय काठमाडौंको फोहोर गोकणर्स्थिथत ल्यान्डफिल साइटमा डम्पिङ गरिँदै आइएको थियो ।

अत्याधुनिक ल्यान्डफिल साइट बनाउन तत्कालीन स्थानीय विकास मन्त्रालयअन्तर्गतको फोहोरमैला व्यवस्थापन तथा प्राविधिक स्रोत परिचालन केन्द्रले जाइकासँग समन्वय गरेको थियो ।

# संघर्ष र सेवाकी पर्याय डाक्टर.....

'अनररी डक्टरेड' (वियोन्ड द पिएचडी) ले सम्मान गरेको थियो । 'ग्लोबल युथ लिडरसिप अवार्ड २०१९, त्यस्तै एक्सिलेन्ट इन पोल्टिकल साइन्सको उपाधि पनि मेरो खातामा आएको छ', उनले भनिन्, 'हावर्ड युनिभर्सिटीले ब्रिज बिल्डर अवार्डले विभूषित गरेको छ। अमेरिकन पूर्वरास्ट्रपतिहरूले पाउने प्रेसिडेन्ट कप अवार्डले सम्मानित छन् ।'

अमेरिकाको केन्टोकी राज्यमा २७ सेप्टेम्बर, २०१५ मा 'विष्णुमाया परियार डे' घोषणा गरेर सेलिब्रेट गरियो । ४० भन्दा बढी मान, सम्मान, पदक र उपाधि उनले पाएकी छन् । 'यी सारा उपलब्धि र सम्मान मेरा व्यक्तिगत होइनन्, आम नेपालीका हुन्', उनी भन्छिन्, 'आम सर्वसाधारण जनताका हुन्, सीमान्तकृत दलित र पछाडि पारिएका, किनारीकृत मान्छेका लागि काम गर्दा प्राप्त हौसला र प्रेरणा हुन् । निम्न भनिएका हेय वर्गका हुन् । प्रापक निमित्त कारक मात्रै म हुँ । मेरा सबै सम्मान पुरस्कार र पदकहरू नेपालका सम्पत्ति हुन् ।' डा. विष्णुमायालाई नेपाली कम्युनिटीका अधिकांश संस्थाले विभिन्न अवार्डबाट सम्मान गरेका छन् । उनीसँग सामाजिक न्यायका क्षेत्रमा कार्य गरेबापत महत्त्वपूर्ण र गौरवशाली अवार्डहरू प्राप्त भएका हुन्।

नेपालदेखि अमेरिकासम्म विष्णुको आफ्नो सफलता मात्रै जोडिएको छैन । समाज सेवा र सहयोगको पर्याय पनि बनेकी छन् । उनले नेपालको इन्द्रावती गाउँपालिका र जर्सी सिटीबीच भगनी सम्बन्ध स्थापित गरेकी छन् । न्युजर्सी सिटीमा नेपाली झन्डा सदाका लागि फहराउने श्रेय पनि विष्णुको अविस्मरणीय पल हो । विष्णु नेपालीहरूको लागि प्रिय र आदरणीय त छँदैछन्, आप्रवासी अमेरिकन र आदिवासी अमेरिकनहरू बीच पनि उत्तिकै सम्मानित छन् ।

न्यु जर्सीको मेयरको सल्लहाकार भएर विष्णु अमेरिका र नेपाली माझ चिरपरिचित छन् । नेपालीप्रति विशेष अनुराग र अपनत्व अनि अभिभावकीय भूमिकामा विष्णुलाई अब्बल मान्छन् अमेरिकामा बस्ने नेपालीहरू । दलित सामुदायबाट अमेरिकासम्मको यात्रामा विष्णुको विनयी स्वभाव लगनशील कर्मशील र सङ्घर्षशील जीवनले डोऱ्याउँदै लगेको पङ्क्तिकारको बुझाइ छ । लेस पनि घमन्ड नदेखाउने विष्णु पीडक भनिएका गैरदलित समुदायप्रति पनि कुनै बदला र आक्रोश राख्दिनन् । चेतानाशून्य सामान्य नागरिकले गरेको भेद क्षमायोग्य हुन्छ तर चेतनशील र पढेलेखेका मान्छेहरूमा पनि परिवर्तन नदेख्दा भने दुःख मान्छिन् । यद्यपि प्रतिशोध विष्णुको डिक्सनरीमा छैन । क्षमाशील हृदयले बुद्धत्वको आभाष दिलाउँछ । यिनै गुणका कारण पनि विष्णु सम्मानित भएकी हुन् । विष्णु शून्यबाट उठेर आर्थिक सामाजिक र जातीय विभेदको जालो पन्छाउँदै जहाँ पुगिन्, त्यो अवसर नै अवसर प्राप्त मान्छेले पाएको उपलब्धिसँग तुलनीय छैन । मान्छे हुन्, नपाएको पीडा खपेर सकस बोकेर यो स्थानमा आइपुगेकी विष्णु अहिले विगत यसरी सम्झन्छिन् ।

विष्णुका बुबाको १३ जनाको परिवार थियो । कमाइ गर्ने बुबा र आमा मात्र । बालीघरेको कमाइ कति नै हुन्थ्यो र ? दुःखको भुमरीबाट बुबाआमाले पार लगाउनुभयो । 'बिस्टका लुगा सिलाउँदा उब्रेका अनेकथरी टालाबाट सग्लो कपडा बनाएर बाबाले रङ्गीन कपडा सिलाइदिनुहुन्थ्यो । हामी दङ्ग परेर लाउँथ्यौं,' उनी भन्छिन्, 'हामीलाई हाम्रो विवशता थाहा थियो । त्यसैले दुःख लागेर पनि मान्दैनथ्यौं । भोक र अभावको कुरा गर्दा बाआमाको अवमूल्यन हुन्छ ।' भोक र अभावका कुरा नगरौं । उहाँहरूले भोको राख्नुभएन । वश हामी जेनतेन दुःखसुख बाँच्यौं तर बाआमाको पेट कहिल्यै भरिन्थ्योजस्तो लागेन । नियतिको चर्को घामपानीले भिजायो, रुझायो, सेकायो । मेरा बालाई आफ्ना छोराछोरी पढाउनुपर्छ भन्ने दिव्य ज्ञान भएकै कारण आज मेरा पाइला यहाँसम्म आइपुगेका हुन् । आफू भोकै बसेर बाले हालिदिएको दुःखको भऱ्याङ चढेर म यहाँ छु । बा मेरा लागि उन्नत आदर्श हो । त्यसैले म आज जहाँ छु, जे गर्छु, त्यसका लागि भऱ्याङ बनाइदिने मेरो विष्णुलाई बाबाको काँध आज पनि उत्तिकै यादगार लाग्छ । प्रेरणा, आदर्श र भगवान् ठान्छिन् बाआमा । आज बा छैनन् तर उलाई मेरा बाको काँध चढ्न पाए आज पनि सगरमाथा भन्दा अग्लो हुने थिएँ भन्छिन् ।

**दलित महिला उत्थान सङ्गमार्फत समाज सेवा**

सन् १९९८ मा स्थापित एड्वान विष्णुमायाको सामाजिक कार्यको एक अनुपम नमुना हो । पहिचान र अधिकार स्थापित गर्ने महिलाहरूका लागि आर्थिक, सामाजिक, राजनीतिक र चेतना अभिवृद्धि गर्ने आन्दोलन हो । मानवाधिकार, महिला, बालबालिका र दलित पिछडिएका सीमान्तकृत किनारमा पारिएका, पिँधमा रहेका वर्गको उत्थान, हक अधिकार र उन्नयन नै एड्वानको मूल धर्म हो । विभेदको रेखा मेट्न विभेदमा पारिएका र विभेद गर्नेबीच अन्तरघुलन र स्वाभाविक प्रक्रियाद्वारा समाजमा सहकार्य, सहधर्म र समायोजन गर्दै अघि जानुपर्छ । अन्यथा दलितको समुदायका लागि मात्रै भन्दा अर्को विभाजन र विभेद रहन्छ ।

तसर्थ आर्थिक रूपले विपन्न सबैलाई सहयोग सद्भाव र सहयात्री बनाउन सकियो भने समाजको बनोटअनुसारको न्याय हुन्छ । त्यसैले म विभेदी मानसिकता बोकेर अर्को विभेदको विजारोपण गर्न चाहन्न । सबैलाई सहयोग गर्नु र विशेष दलित महिला र बालबालिकाको उत्थानमा लाग्नु मेरो धर्म हो । कर्तव्य हो, विष्णु भन्नुहुन्छ ।

नौवटा जिल्लामा अहिले नेपालमा एक सय एघारवटा महिलाको समूह छ । ६० हजारभन्दा बढी महिला संलग्न भएर एड्वानका गतिविधिमार्फत सहयोग पाएका छन् । उद्यमी बनेका छन् । नेतृत्व क्षमता विकास गरेका छन् । घिरेलु हिंसा, महिला बेचबिखन, जातीय छुवाछूत, सामाजिक विकृतिविरुद्ध महिलाहरू जागृत छन् । २५ सयभन्दा बढी बालबालिकालाई स्कुल, कलेज र विश्व विद्यालय पढ्न छात्रवृत्ति सहयोग प्राप्त गरेका छन् । २०७२ को भूकम्प पीडित गोरखाका मान्छेलाई चार सय घर निर्माण गर्न सहयोग जुटाइदिने काम पनि विष्णुमायाको टिमले गरेको छ ।

पिँढी र छिँडीमा बसेर सिँढी चढेकी विष्णुमायाको योगदान सिङ्गो दलित आन्दोलनका लागि सामाजिक न्यायको क्षेत्रका लागि अमूल्य छ । विगतमा अरूको सहारा, भरथेग र आश्रयमा पढेकी परियार आज धेरैको सहारा र टेको बनेकी छन् । अछूत भनेर पानी पिउनबाट वञ्चित विष्णुमाया अहिले पानी बाँड्छिन्, शिक्षाको उज्यालो पस्किन्छिन्, चेतनाको बीज छर्छिन्, अधिकारको लडाइँ लड्छिन् । आफ्ना छोराछोरी भनेर २५०० भन्दा बढी बालबालिकालाई संरक्षणको छाता ओढाएर अभिभावक बनेकी छन् । हार्डवर्ड, क्लार्क, पाइन म्यानर, बोस्टनलगायत अमेरिकी विश्वविद्यालयमा गेस्ट लेक्चरर दिने विष्णुमायाको अनुभव, ज्ञान र क्षमता नेपाल र नेपालीले कहिले भरपूर उपयोग गर्न पाउँछन् ?

सरकार विष्णुमायालाई चिन्न र चिनाउन कुनै तयारी गर्दै छ कि बेखबर छ ? विष्णुको सफलता र खुसीलाई राष्ट्रको खुसीमा परिणत गर्ने कहिले ? विश्वका प्रतिष्ठित पाठ्यपुस्तक र पाठ्यक्रममा पढाइने विष्णुको प्रेरणादायी जीवनी नेपालमा किन नपढाउने? उनको जीवनी राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भमा किन अपरिहार्य छ ? बहस बौद्धिक र तार्किक कोणबाट उठ्नु जरुरी छ । - रातोपाटी

# दुई अर्ब लगानीमा क्यान्सर अस्पताल

चितवन मेडिकल कलेजले रु दुई अर्ब लगानीमा क्यान्सर अस्पताल निर्माण गरेको छ । आगामी दसैँअघि नै सञ्चालनमा ल्याउने गरी सिएमसी क्यान्सर इन्स्टिच्युट तयार गरिइएको हो । अग्रणी सो मेडिकल कलेजले आफ्नो भगिनी संस्थाको रुपमा क्यान्सर अस्पताल सुरु गर्न लागेको हो । दसैँ अघि नै रेडिएसनको सेवा दिने गरी तीव्ररुपमा काम भइरहेको छ । अस्पतालका निर्देशक डा दयाराम लम्सालले इन्स्टिच्युटमा अत्याधुनिक प्रविधिका उपकरण जडान गरिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, नेपालका क्यान्सरका बिरामी अब विदेश जानु पर्दैन । भारतको दिल्लीका ठूला अस्पतालमा जडान गरिएकाभन्दा आधुनिक उपकरण यहाँ जडान भएको उहाँको भनाई छ । अस्पतालले अत्याधुनिक उपकरण खरिदमा मात्रै रु एक अर्ब २७ करोड खर्च गरेको उहाँले दाबी गर्नुभयो । अन्य उपकरण र भौतिक पूर्वाधारमा गरी रु दुई अर्बभन्दा बढी खर्च लाग्ने उहाँको भनाइ छ ।

क्यान्सर सँगसँगै अन्य उपचारका लागि सँगै मेडिकल कलेज भएकाले केही खर्च कटौती भएको जनाइएको छ । यस इन्स्टिच्युटमा रेडिएसनसँगै ब्राकी थेरापी, स्पेक्ट सिटी स्क्यान, बोनम्यारो प्रत्यारोपण, रक्त क्यान्सरको उपचार, बाल क्यान्सरको उपचारसहित सबै खालका क्यान्सरको उपचार र प्रत्यारोपण हुने निर्देशक डा लम्सालको भनाइ छ । भारत, अमेरिकाजस्ता देशमा अध्ययन गरेर ठूला अस्पतालमा काम गरिरहेका मेडिकल अङ्कोलोजी, रक्त क्यान्सर, सर्जरीलगायतका समूह यहाँ ल्याईदै छ ।

उहाँले भन्नुभयो, हामीले विश्वका ठूला अस्पतालमा कामको अनुभव लिएका चिकित्सकसँग सम्झौता गरिरहेका छौं । गुणस्तरमा कमी हुन नदिने गरी एक सय शय्याको आधुनिक अस्पताल निर्माण गरिएको हो । निर्देशक डा लम्सालले थप्नुभयो,क्यान्सरका बिरामीलाई लामो समय पालो कुर्नु पर्ने र विदेश जानुपर्ने बाध्यता अन्त्य होस् भनेर अस्पताल सुरु गरेका हौं । उहाँले अगाडि थप्नुभयो, धेरै बिरामी भारतको दिल्ली जान्छन्, त्यहाँको ठूलो अस्पताल राजीवगान्धीको भन्दा एक स्तर उच्च उपकरण हामीले यही ल्याएका छौं ।

क्यान्सरका बिरामी उपचारका लागि भारतलगायतका अन्य देश जाने गर्दछन् । अत्याधुनिक उपकरण रेडिएसनका लागि जडान गरिएको छ । उहाँको भनाइमा यो उपकरणले दैनिक एक सय जनासम्मलाई रेडिएसन गर्न सक्दछ । रेडिएसन लिन्याक एक्सिलेरेटर जडान गरिएको छ । ट्रियुबिम मोडलको भेरिएन कम्पनीको लिन्याक उपकरण आधुनिक प्रविधिको हो। चितवन मेडिकल कलेजसँगै छ तले ४८ हजार स्क्वायर फिटको भवनमा बङ्करसहितको क्यान्सर अस्पताल निर्माण गरिएको छ । इन्स्टिच्यूटमा रेडिएसन सञ्चालनका लागि अन्तिम तयारीमा रहनु भएका रेडिएसन अङ्कोलोजिष्ट डा सुवास ठाकुरले रेडिएसन उपकरणभित्र ६डि काउज र हाइपर आर्च रहेको जनाउँदै यसले टाउकोभित्रको ट्युमरलाई शल्यक्रिया बिना नष्ट गर्ने बताउनुभयो । यो रेडियो सर्जरी रेडिएसन प्रविधिबाट नेपालमा पहिलो पटक उपचार गर्न लागिएको उहाँले जानकारी दिनुभयो । त्यसैगरी ब्रेकी थेरापीमार्फत शरीरभित्र उपकरण राखेर रेडियो एक्टिभ सोर्स प्रयोग गरेर क्यान्सर कोष मार्ने प्रविधि पनि यहाँ ल्याइँदै छ ।

पाठेघरको क्यान्सरमा यो प्रविधिको उपचार बढी हुने गर्दछ । एसबिआरटी प्रविधिमार्फत उपचार भइरहेको विरामीको ट्युमर प्रत्यक्ष हेरेर आवश्यक थप मात्रा प्रयोग गरी उपचार गर्न सकिने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, मैले भारतका ठूला अस्पतालमा पनि काम गरें । त्यहाँको भन्दा अरु आधुनिक प्रविधि यहाँ ल्याइएको छ । इन्स्टिच्युटले क्यान्सर उपचारका क्रममा विकिरण बाहिर आएर नागरिक र कर्मचारीलाई असर नगरोस् भन्नका लागि निर्माणको समयदेखि नै भारतीय विज्ञको निगरानीमा काम भइरहेको छ। सुरक्षा अधिकृत सलोनी चावलाले बाहिरी वातावरणमा रेडिएसन नजानका लागि निर्माणको समयदेखि नै निगरानी गरिएको बताउनुभयो ।

उहाँको अनुसार अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बङ्कर निर्माण गरिएको छ । यससँगै सफल परीक्षणसमेत गरिएको जनाउँदै उहाँले विकिरण काममा खटिनेमा के कस्तो रहेको छ भन्ने विषयमा नियमित परीक्षण भइरहेको जानकारी दिनुभयो । भारतसहितका विभिन्न देशका विज्ञहरुसँग परामर्श र त्यहाँका जनशक्ति झिकाएर इन्स्टिच्युटको निर्माणदेखि नै काम गरिएको हो । १४ वर्षअघि स्थापना भएको चितवन मेडिकल कलेजमा हाल वार्षिक तीन लाख ५० हजारभन्दा बढी बिरामीलाई सेवा दिँदै आएको छ। नेपालभरि र भारतीय बिरामी पनि यहाँ उपचार गर्न आउने गर्दछन् ।

यस अस्पतालमा २८ विभागमार्फत सेवा दिइँदै आएको छ । क्यान्सरका बिरामीलाई अन्य विभागको सेवासमेत आवश्यक पर्ने भएकाले उपचार सहज हुने अस्पतालको भनाइ छ। नेपालमा भरतपुरको वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, पूर्वाञ्चल क्यान्सर अस्पताल र काठमाडौं क्यान्सर सेन्टरमा मात्रै क्यान्सरको उपचार हुने जनाइएको छ ।

प्रो. देबराज अछामी
मो. (९८६६०७७७९६,९८९३२७८९७८)
अछामी ईलेक्ट्रोनिक्स एण्ड गिफ्ट पसल
हाम्रा सेवाहरु
सम्पुर्ण ईलेक्ट्रोनिक्सका सामानहरु, घडि, रेडियो, मोबाईल बिक्री तथा सम्पुर्ण ईलेक्ट्रोनिक्स सामानहरु मर्मत गरिनुका साथै गिफ्ट र कस्मेटिक र खेलौना आईटमका सम्पुर्ण सामानहरु पाइन्छ ।
सिद्धलेक गा.पा.-२, ठाटीभञ्ज्याङ

मैनबत्ति डटकम अनलाइनमार्फत विज्ञापन प्रकाशन गर्न इच्छुक महानुभावहरु ले ९८६६०७७७९९ वा ०१०-५९०४३० मा सम्पर्क गर्नुहोला ।
www.mainabatti.com
सत्य, तथ्य र निष्पक्ष समाचार हाम्रो प्रतिबद्धता

धादिङ सञ्चार प्रा.लि.द्वारा सञ्चालित
निलकण्ठ एफ.एम. ९८.५ मेगाहर्ज
के तपाई आफ्नो व्यापार व्यवसाय बढाउन चाहन्छु हुन्छ यदि त्यसो हो भने आज नै निलकण्ठ एफ.एम.मा विज्ञापन दिहाल्नुस ।
नीलकण्ठ नगरपालिका-३, धादिङबेसी, धादिङ, फोन : ०१०-५२१४३०, ९८५११२०८५०

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : अनिल कुमार नेपाली,Email : pratyushdainik@gmail.com